# लोक सेवा आयोग
## (परीक्षा सञ्चालन शाखा)

**सूचना नं. ६८६/२०८१-८२**

## नेपाल प्रहरी, जनपद प्रहरी समूह तर्फ प्रहरी सहायक निरीक्षक पदको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सूचना

**नेपाल प्रहरी, जनपद प्रहरी समूह** तर्फ मिति २०८१/५/२८ गते प्रकाशित विज्ञापन अनुसार **प्रहरी सहायक निरीक्षक** पदको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम देहाय बमोजिमको मिति र समयमा आयोग अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद,सेवा,समूह, उपसमूह | लिखित परीक्षा मिति र समय | | | | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | |
| | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | |
| १ | ०२/०८१-८२ (खुला/समावेशी) | प्रहरी सहायक निरीक्षक | २०८१।१०।०३ गते बिहान ११:०० बजे (५० मिनेट) | २०८१।१०।०४ गते बिहान ११:०० बजे (२ घण्टा ३० मिनेट) | २०८१।१०।०५ गते बिहान ११:०० बजे (२ घण्टा १५ मिनेट) | २०८१।१०।०५ गते दिनको ०१:२५ बजे (४५ मिनेट) | परीक्षा संचालन गर्ने आयोगको कार्यालयले तोके बमोजिम |

| क्र.सं. | दरखास्त फाराम बुझाएको कार्यालय | परीक्षा संचालन गर्ने कार्यालय |
|---|---|---|
| १ | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, बिराटनगर, मोरङ्ग, फोन नं. ९८५२०९०१८० | श्री लोक सेवा आयोग धनकुटा कार्यालय, धनकुटा |
| २ | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालयः राजविराज, सप्तरी) फोन नं. ९८५४०९०६०० | श्री लोक सेवा आयोग जलेश्वर कार्यालय, जलेश्वर |
| ३ | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली, फोन नं. ९८५४०४१७३३ | श्री लोक सेवा आयोग हेटौंडा कार्यालय, हेटौंडा |
| ४ | काठमाडौं उपत्यका प्रहरी शिक्षालय, महाराजगंज, काठमाडौं फोन नं.०१-४००३०४० | श्री लोक सेवा आयोग काठमाडौं कार्यालय, काठमाडौं |
| ५ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा, कास्की, फोन नं. ९८५६०६८१२१ | श्री लोक सेवा आयोग पोखरा कार्यालय, पोखरा |
| ६ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल, रुपन्देही, फोन नं. ९८५७०९०४४४ | श्री लोक सेवा आयोग बुटवल कार्यालय, बुटवल |
| ७ | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज, बाँके) फोन नं. ९८५८०९०११५ | श्री लोक सेवा आयोग सुर्खेत कार्यालय, सुर्खेत |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल, डोटी, फोन नं. ९८५८४९००८४ | श्री लोक सेवा आयोग दिपायल कार्यालय, दिपायल |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
३. परीक्षा केन्द्रमा मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
४. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) A, B, C, D मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
६. उम्मेदवारले परीक्षा केन्द्रमा आउँदा आफ्नो प्रवेशपत्र सहित नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा आफ्नो तस्विर भएको सरकारी निकायबाट जारी भएको अन्य कुनै प्रमाणपत्र समेत अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ ।
७. उम्मेदवारले आफ्नो प्रयोजनको लागि पिउने पानीको व्यवस्था आफैं गर्नुपर्नेछ ।

मितिः २०८१।०९।०१ गते